(आ.व. २०७६/७७: बैठक संख्या: ५
बैठक मिति: २०७६/५/२४

<u>छलफल तथा निर्णय</u>

१. आर्थिक व्यवस्थापन महाशाखाबाट 'प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाडफाँड गर्ने प्रस्ताव आव्हान तथा मुल्याङ्कन विधि' सम्बन्धमा प्रस्तुति भई जानकारी प्राप्त भयो। उक्त प्रतिवेदन माथि बैठकमा प्राप्त राय / सुझाव लाई समेटी परिमार्जन गर्न माननीय सदस्यहरुबाट समेत सुझाव लिनेगरी पठाउने र माननीय सदस्यहरुबाट प्राप्त भए पश्चात् परिमार्जित मस्यौदा आयोगमा पुन: पेश गर्ने।

२. एकीकृत राष्ट्रिय सामाजिक संरक्षण संयन्त्र तयार गर्ने सम्बन्धी अवधारणापत्र सम्बन्धमा प्रस्तुति भई छलफल भयो। माननीय सदस्य डा. रामकुमार फुयालको नेतृत्वमा 'राष्ट्रिय सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण सम्बन्धी एकीकृत ढाँचा (Framework)' २०७६ माघ भित्र तयार गर्ने गरी अवधारणा-पत्र स्वीकृत गर्ने।

३. नेपालको पूर्व क्षेत्रमा वायु प्रदुषणको अवस्था र अपनाउनु पर्ने सावधानीका उपाएको विषयमा अध्ययन अनुसन्धान गर्ने सम्बन्धी अवधारणा-पत्र सम्बन्धमा छलफल भयो। उक्त अध्ययन कार्यको सम्बन्धमा सम्बन्धित महाशाखाबाट आवश्यक प्रकृया अघि बढाउने।

४. मिति २०७६ कार्तिक १८ देखि २१ गते तद्अनुसार सन् २०१९ नोभेम्बर ४ देखि ७ सम्म काठमाडौंमा आयोजना हुने पाँचौं विश्व **SUN Global Gathering 2019** सम्मेलनको तयारी र **Nutrition Business Network** सम्बन्धमा माननीय सदस्य डा. उषा झाबाट आयोगलाई जानकारी गराइयो।

५. अमेरिका-चीन व्यापार तनावका कारण नेपाली अर्थतन्त्रमा पर्न सक्ने प्रभावका बारेमा माननीय सदस्य डा. रामकुमार फुयालबाट आयोगमा प्रस्तुति भई जानकारी प्राप्त भयो।